# नेपाल राष्ट्र बैंक
# प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडाले यस अघिको हिमचुली विकास बैंक र वीरगञ्ज फाइनान्स लिमिटेड मर्ज भई स्थापित एच एण्ड बी डेभलपमेन्ट बैंकको औपचारिक घोषणा समारोहको जेठ ३१ गते काठमाडौंमा उद्घाटन गर्नुभयो ।

सो अवसरमा उहाँले हिमचुली विकास बैंक र वीरगञ्ज फाइनान्स लिमिटेड मर्ज भई स्थापित एच एण्ड बी डेभलपमेन्ट बैंकको पूर्ण सफलताको कामना गर्दै बैंकलाई सफल बनाउन यसका सेयरधनी, ग्राहक वर्गका साथै कर्मचारी वर्गको सहयोग आवश्यक रहने बताउनुभयो ।

बैंकिङ कारोबार विश्वासमा अडेको व्यवसाय भएको चर्चा गर्दै गभर्नर डा. खतिवडाले देशको समग्र वित्तीय क्षेत्रका परिसूचकहरू सन्तोषजनक स्थितिमा रहेकोले बैंक तथा वित्तीय संस्थाहरूप्रति विश्वस्त रहन आग्रह गर्नुभयो ।




नेपाल राष्ट्र बैंकको निर्देशनका कारण नभई संस्थागत सुशासनको कमी र केन्द्रीय बैंकका निर्देशनहरूको परिपालनामा ढिलाईका कारण केही बैंक तथा वित्तीय संस्थाहरूमा समस्या देखिएको उल्लेख गर्दै गभर्नर डा. खतिवडाले बैंक तथा वित्तीय संस्थाहरूको सुरक्षाका लागि केन्द्रीय बैंकले जारी गरेका निर्देशन सबै बैंक तथा वित्तीय संस्थाहरूले पालना गर्नुपर्नेमा जोड दिनुभयो ।

सर्वसाधारणको निक्षेप र सेयर पूँजीलाई एकै किसिमको वित्तीय स्रोत मानी कारोबार गर्दा केही वित्तीय संस्थाहरूमा समस्या देखा परेको चर्चा गर्दै गभर्नर डा. खतिवडाले वित्तीय बजारप्रति सर्वसाधारणको विश्वास जगाई राख्न सकारात्मक प्रचारको खाँचो रहेको बताउनुभयो । यसमा सबै बैंक तथा वित्तीय संस्थाहरू, नियमक निकायहरू र सञ्चारकर्मीहरूको महत्वपूर्ण भूमिका रहने उहाँले बताउनुभयो ।

उक्त बैंकका अध्यक्ष श्री विजयकुमार सरावगीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त समारोहमा संस्थाका नवनियुक्त प्रमुख कार्यकारी अधिकृत श्री जसुदा सैंजूले सुविधाको दायरा बढाएर बैंक तथा वित्तीय संस्थाहरूको मर्जरलाई प्रोत्साहित गर्नुपर्ने धारणा राख्नुभएको थियो ।

गभर्नरको कार्यालय